# नागी थामडाँडा संरक्षण क्षेत्र विकास समिति नियमावली, २०७४

नागी थामडाँडा संरक्षण क्षेत्रको संरक्षण, मर्मत सम्भार, सुरक्षा र विकास गर्न तथा सर्वसाधारण जनताको सदाचार, धार्मिक, सास्कृतिक महत्वका क्रियाकलाप सम्बन्धी सुविधा कायम राख्न नागी थामडाँडा संरक्षण क्षेत्र विकास समिति सम्बन्धी व्यवस्था गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९ (३) को अधिनमा रही नागी थामडाँडासंरक्षण क्षेत्र विकास समितिको व्यवस्था गर्न गाउँकार्यपालिकाले यो **"नागी थामडाँडा संरक्षण क्षेत्र विकास समिति नियमावली, २०७४"** बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१.१ यस नियमावलीको नाम **"नागी थामडाँडा संरक्षण क्षेत्र विकास समिति नियमावली, २०७४"** रहेको छ ।

१.२ यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :**

२.१ विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,

२.१.१ **"नागी थामडाँडासंरक्षण क्षेत्र"** भन्नाले नागी थामडाँडासंरक्षण क्षेत्रको संरक्षण, मर्मत सम्भार, सुरक्षा र विकासको लागि नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारले समय समयमा नेपाल राजपत्र तथा अन्य आधिकारीक सूचनामा प्रकाशित गरी

तोकिएका सिमाना भित्रको संरक्षण क्षेत्र सम्झनु पर्छ।

२.१.२ **“समिति”** भन्नाले दफा ३ बमोजिम स्थापना भएको नागी थामडाँडासंरक्षण क्षेत्र विकास समिति सम्झनु पर्छ।

२.१.३ **“गाउँपालिका”** भन्नाले पाँचपोखरी थाङ्पाल गाउँपालिका सम्झनु पर्छ।

२.१.४. **“अध्यक्ष”** भन्नाले पाँचपोखरी थाङ्पाल गाउँपालिका अध्यक्ष सम्झनु पर्छ।

२.१.५ **“वडा अध्यक्ष”** भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ ले परिभाषित गरे बमोजिम सम्झनु पर्छ।

२.१.६ **“संरक्षक”** भन्नाले समितिको संरक्षक सम्झनु पर्छ।

२.१.७ **“सह संरक्षक”**भन्नाले समितिको सह संरक्षक सम्झनु पर्छ।

२.१.८ **“अध्यक्ष”** भन्नाले समितिका संयोजक सम्झनु पर्छ।

२.१.९ **“समिति”** भन्नाले समिति अध्यक्ष निमित्त दफा ८ बमोजिम गठन भएको नागीथाम डाँडा संरक्षण क्षेत्र विकास समिति सञ्चालक समिति सम्झनु पर्छ।

२.१.१० **“उपाध्यक्ष”** भन्नाले संचालक समितिका उपाध्यक्ष सम्झनु पर्छ।

२.१.११ समितिको अध्यक्ष भन्नाले संचालक समितिका समितिको अध्यक्ष सम्झनु पर्छ।

२.१.१२ **"सदस्य सचिब"** भन्नाले संरक्षण क्षेत्र संचालक समितिको सम्बन्धीत वडा सचिब नै सदस्य सचिब सम्झनु पर्छ।

२.१.१३ **"सदस्य"** भन्नाले संरक्षण क्षेत्र विकास समितिका संचालक समितिका सदस्य बुझ्नु पर्छ।

२.१.१४ **"चन्दा"** भन्नाले समितिलाई सहयोग स्वरुप दाताले प्रदान गर्ने नगद, जिन्सी र चल अचल सम्पति समेत सम्झनु पर्छ।

२.१.१५ **"तोकिएको" वा तोकिए बमोजिम"** भन्नाले यस नियमावली अन्तर्गत बनेको विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

## ३. समितिको गठन :

३.१ नागी थामडाँडा संरक्षण क्षेत्रको विकासको लागि **नागी थामडाँडासंरक्षण क्षेत्र विकास समिति-२०७४** नामको एक समिति स्थापना हुनेछ।

३.२ समितिको कार्यालय पाँचपोखरी थाङ्गपाल गा.पा. वडा नं. ४, थाङ्गपालकोटमा हुनेछ।

**४. संरक्षक** : गाउँपालिकाको निर्वाचित अध्यक्ष समितिको संरक्षक हुनेछ।

**५. सह संरक्षक :** गाउँपालिका भित्रको सम्बन्धित वडाको निर्वाचित वडा अध्यक्ष सह संरक्षक हुनेछ।

## ६. समितिको उद्देश्य :

६.१ समितिको उद्देश्य देहाय बमोजिम हुनेछ :-

६.१.१ नागी थामडाँडा संरक्षण क्षेत्र बुद्ध धर्मको उपासना, ध्यान तथा तपो केन्द्रको रुपमा रही आएकोले यस नागी थामडाँडासंरक्षण क्षेत्रलाई सोही बमोजिम कायम गर्दै यस ठाउँमा गुरु रेन्पोक्षेको प्रतिमा स्थापना गरी ध्यान केन्द्र निर्माण गर्ने ।

६.१.२ नागी थामडाँडाको आदर्श गरिमा एवं महत्व अनुरुप नागी थामडाँडासंरक्षण क्षेत्रको योजनाबद्ध रुपमा सुरक्षा, सम्भार तथा विकास गर्ने ।

६.१.३ नागी थामडाँडासंरक्षण क्षेत्रको प्राचीन, ऐतिहासिक, धार्मिक, साँस्कृतिक तथा राष्ट्रिय महत्वका वस्तु वा स्थलहरु नागी थामडाँडाको चल अचल श्रीसम्पत्ति तथा प्राकृतिक सम्पदाको सम्भार, संरक्षण तथा सम्बर्द्धन गर्ने ।

६.१.४ नागी थामडाँडा चैत्य लगायत नागी थामडाँडा संरक्षण क्षेत्रभित्र रहेका प्राचिन महत्वका गुम्बा, माने, तथा देउरालीहरुमा परम्परागत धार्मिक रीतिस्थिति बमोजिम साँस्कृतिक चाडपर्व तथा सामाजिक र लोककल्याणकारी कार्य, पूजाआजा सञ्चालनको व्यवस्था मिलाउने ।

६.१.५ स्वदेशी तथा विदेशी पर्यटक समेतको सुविधाको लागि यस पवित्र तीर्थस्थललाई यथोचित
रुपमा योजनाबद्ध रुपले सुधार गरी स्थानिय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तीर्थस्थलको रुपमा विकास गर्ने ।

६.१.६ यस नियमावली बमोजिमको उद्देश्य अनुरुप अन्य कार्यहरु सुव्यवस्थित रुपले गर्ने ।

**७. समितिको अध्यक्ष : समितिको अध्यक्ष गाउँपालिकाले नियुक्त गर्नेछ ।**

**८. नागी थामडाँडा संरक्षण क्षेत्र विकास सञ्चालक समितिको गठन :**

८.१ समितिको सम्पूर्ण काम कारवाहीको सञ्चालन तथा रेखदेख गर्नका लागी गाउँपालिकाको कार्यपालिकाले मनोनित गरेको अध्यक्षको अध्यक्षतामा ९ जना पदाधिकारीहरु रहने गरी एक नागी थामडाँडा संरक्षण क्षेत्र विकास समिति सञ्चालक समिति गठन गरिनेछ ।

८.२ उपदफा ८.१ अनुसार देहाय बमोजिम समिति गठन हुनेछ :-

८.२.१ अध्यक्ष गाउँपालिकाले तोकेको व्यक्ती १ (एक जना)

८.२.२ उपाध्यक्ष (गाउँपालिकाको कार्यापालिकाले मनोनित गर्ने) १ (एक जना)

८.२.३ समितिका अध्यक्ष (गाउँपालिकाको कार्यापालिकाले मनोनित गर्ने) १ (एक जना)

८.२.४ सदस्यहरु (गाउँपालिकाको कार्यापालिकाले मनोनित गर्ने)४ (चार जना)

९.२.५ नागी थामडाँडा क्षेत्र भित्र पर्ने सामुदायिक वन उपभोक्ता समितिका पदाधिकारी वा सदस्यहरू मध्येबाट सो वन समितिले तोकेको १ (एक जना)

८.२.६ सदस्य सचिव (कार्यपालकाले तोकेको १(एक जना)

८.३ गाउँ कार्यपालिकाबाट समितिका सदस्यहरुमा आवश्यक हेरफेर हुन सक्नेछ । यसरी हेरफेर भएको सूचना गाउँपालिका तथा वडा कार्यालयको सूचनापाटीमा प्रकाशित गर्नु पर्नेछ ।

८.४ सदस्यहरु मनोनित गर्दा कम्तीमा १ जना महिला सहित, ३ जना सदस्य नागी थामडाँडा संरक्षण क्षेत्रभित्र स्थायी बसोबास गरेका समाजसेवीहरु मध्येबाट गरिनेछ ।

८.५ मनोनित सदस्यहरुको पदावधि नियुक्ति भएको मितिले ५ बर्षको हुनेछ र पदावधि समाप्त भएपछि निजहरु पुन एक पटकको लागि मनोनित हुन सक्नेछन् ।

## ९. समितिको काम, कर्तव्य र अधिकार :

९.१ समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

९.१.१ यो नियमावली बमोजिम समितिको उद्देश्य पूरा गर्नका लागि प्रयत्नशील रहने ।

९.१.२ गाउँपालिका अध्यक्षबाट समय-समयमा हुने मार्ग दर्शनको पालन गर्ने, गराउने ।

९.१.३ नागी थामडाँडासंरक्षण क्षेत्र गुरुयोजना र वार्षिक योजना तथा तद्नुरुपका

कार्यक्रमहरु स्वीकृत गरी कार्यान्वयन गराउने ।

९.१.४ नागी थामडाँडा चैत्य लगायत नागी थामडाँडा संरक्षण क्षेत्रभित्र रहेका गुम्बाहरुमा पूजा आजा, पर्व, उत्सव लगायतका परम्परादेखि चलिआएका सबै किसिमका धार्मिक कार्यहरु र सो संरक्षण क्षेत्रमा परम्परागत रीतिस्थितिका अन्य कार्यहरु सञ्चालनको व्यवस्था गर्ने, गराउने ।

९.१.५ नागी थामडाँडा संरक्षण क्षेत्रको विकास तथा धार्मिक रीतिस्थिति बमोजिम कार्य सञ्चालन गर्ने सम्बन्धमा समय-समयमा अध्ययन, अनुसन्धान, कार्यशाला, गोष्ठी आदिको आयोजना गर्ने गराउने ।

९.१.६ नागी थामडाँडासंरक्षण क्षेत्रभित्र रहेका धर्मिका, संस्कृतिक तथा सामाजिक महत्वका सबै गुम्बा, चैत्य, विहार, छुर्तेन, मानी तथा अन्य प्राचित भवनहरुको संरक्षणको व्यवस्था मिलाउने ।

९.१.७ नागी थामडाँडासंरक्षण क्षेत्रभित्रको गुम्बा, चैत्य, विहार, छुर्तेन, मानी तथा अन्य प्राचीन भवनहरुसँग सम्बन्धित सबै किसिमका नागी थामडाँडासंरक्षण क्षेत्रभित्र वा बाहिर रहेका ऐलानी र पर्ति जग्गाको संरक्षण क्षेत्रफल समेत खुलाई लगत तयार गर्ने ।

९.१.८ नागी थामडाँडाको नाममा दर्ता कायम हुन आउने जग्गाको उपभोग र उपयोगको आधारमा समय-समयमा भाडा वा जिन्सी वा नगदी महसुल निर्धारण गर्ने ।

९.१.९ योजना र कार्यक्रमहरु कार्यान्वयन गर्न चाहिने वित्तिय साधनको आवश्यक व्यवस्था गर्ने,

९.१.१० समितिको उद्देश्य परिपूर्तिका लागि वडा, गाउँपालिका तथा नेपाल राज्य भित्र वा बाहिर रहेका नेपाली नागरिकहरु रहने गरी आवश्यकतानुसार विभिन्न समिति तथा उपसमितिहरु गठन गर्ने ।

९.१.११ उपदफा ९.१.१० बमोजिम गठित विभिन्न समिति तथा उपसमितिहरुको निमित्त नीति निर्धारण गरी आवश्यक मार्गदर्शन वा निर्देशन दिने तथा तिनीहरुको कामको समीक्षा र मूल्याङ्कन गर्ने ।

९.१.१२ नागी थामडाँडासंरक्षण क्षेत्रको योजना र नागी थामडाँडासंरक्षण क्षेत्रभित्रको कुनै स्थान विशेषको महत्व, मान्यता र सम्वेदनशीलतालाई ध्यानमा राखी त्यस्ता स्थानहरुमा गर्न नहुने कार्यहरु तोकी गाउँपालिकाको अनुमतिमा निषेध र नियन्त्रण गर्ने ।

९.१.१३ यस नियमावली बमोजिम समितिको उद्देश्य परिपूर्तिका लागि गर्नुपर्ने कार्यहरु

सम्बन्धित निकाय र व्यक्तिहरुबाट यथाशीघ्र कार्यान्वयन गर्न लगाउने ।

९.१.१४ योजना र कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय इकाई तथा जनताको सहभागिता जुटाई समितिले गरेको बार्षिक आय व्यय सार्बजनिकिरण गर्ने गराउने ।

९.१.१५ नागी थामडाँडा संरक्षण क्षेत्रको योजनाबद्ध रुपमा विकास गर्दा सुव्यवस्थित रुपले निर्माण, मर्मत, संभार र सरसफाई गरी स्वस्थ वातावरण कायम गर्ने ।

९.१.१६ खानेपानी, पानी निकास, विजुली, टेलिफोन सडक आदि जस्ता अन्य आभारभूत सार्वजनिक उपयोगिताका साधनहरु सुव्यवस्थित गर्ने र फोहर मैला हुन नपाउने गरी स्वच्छता कायम गर्न नियमित एवं प्रभावकारी कार्यविधि अपनाउने ।

९.१.१७ नागी थामडाँडा संरक्षण क्षेत्रमा वृक्षारोपण, वन, बगैंचा, उद्यान, वन्य जीवजन्तु तथा वन सम्पदा आदि समेतको व्यवस्था गर्ने ।

९.१.१८ नागी थामडाँडा संरक्षण क्षेत्रको प्राकृतिक तथा वातावरणीय स्रोतको सुव्यवस्थित रुपमा संरक्षण र सम्वर्द्धन गर्ने ।

९.१.१९ नागी थामडाँडा संरक्षण क्षेत्रमा प्रदूषण हुन नदिई स्वच्छ वातावरण कायम गर्न आवश्यक मापदण्ड बनाई गाउँपालिकाबाट स्वीकृति प्राप्त गरी लागू गर्ने ।

९.१.२० नागी थामडाँडा संरक्षण क्षेत्रलाई पर्यटकियस्थल रुपमा विकास गर्न र सदुपयोगका लागि व्यापक जनचेतना ल्याउन उपयुक्त माध्यमबाट प्रचार-प्रसार गर्ने र जनसहभागिता परिचालन गर्ने ।

९.१.२१ नागी थामडाँडा संरक्षण क्षेत्रमा गरिने निर्माणमा गाउँपालिकाद्धरा तोकिएको सम्बन्धमा आवश्यक मापदण्ड र प्रचलित कानुन बमोजिम हुनेछ ।

९.१.२२ नागी थामडाँडा संरक्षण क्षेत्रभित्रका धार्मिक स्थलमा चढाइएको दान, भेटी, उपहार तथा नियमित र विशेष पूजाको हिसाब तोकिए बमोजिम पारदर्शी बनाउने र समितिमा दाखिला गराउने ।

९.१.२३ समितिको आम्दानी मध्य केही हिस्सा तोकिए बमोजिम आवश्यक मापदण्ड बनाई वातावरण संरक्षणमा लगाउने ।

## १०. समितिको बैठक :

१०.१ अध्यक्ष वा समितिको बैठकको अध्यक्षता गर्ने व्यक्तिको निर्देशन अनुसार समितिको सदस्य-सचिवले मिति, समय र स्थान तोकी समितिको बैठक बोलाउनेछ ।

१०.२ समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ । उपदफा १०.२ मा जुनसुकै कुरा लेखिएको भए तापनि समितिको वार्षिक कार्यक्रम, बजेट र चौमासिक

प्रगति समीक्षा बारे छलफल हुने, समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नु पर्नेछ ।

१०.३ समितिको बैठक साधारणत वर्षको ४(चार) पटक बस्नेछ । तर अध्यक्षबाट निर्देशन भएमा जतिसुकै पटक पनि बस्न सक्नेछ । र सबै अभिलृख सुरक्षित राख्नेछ ।

१०.४ सदस्य-सचिवले बैठकको निर्णय पुस्तिका राख्नेछ ।

१०.६ बैठक सम्बन्धी आवश्यक अन्य कार्यविधि समिति आफैँले निर्धारण गरे बमोजिम हुनेछ ।

## ११. कर्मचारीको व्यवस्था :

११.१ समितिको सदस्य-सचिवले समितिका प्रशासकीय प्रमुखको रुपमा काम गर्नेछ ।

११.२ समितिले आवश्यकता अनुसार अन्य कर्मचारीहरु नियुक्ति गर्न सक्नेछ ।

११.३ समितिको पदाधिकारीहरु र अन्य कर्मचारीहरुको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा समितिको आफ्नो स्रोतका आधारमा निर्णण गरे बमोजिम हुनेछ ।

**१२. कार्य सञ्चालन विधि :** समितिको आन्तरिक कार्य सञ्चालन विधि तथा उपदफा ९.१.११ अन्तर्गत गठित विभिन्न समिति तथा उप-उमितिहरुको बैठक सम्बन्धी कार्यविधि र आन्तरिक कार्य सञ्चालन विधि ले निर्धारण गरे बमोजिम हुनेछ ।

## १३. गाउँपालिकाको नियन्त्रणमा रहने :

१३.१ नागी थामडाँडासंरक्षण क्षेत्रभित्रका वन, जंगल र पर्ति जग्गाहरु गाउँपालिकाको नियन्त्रणमा रहनेछन् ।

**१४.** समितिले कुनै संरचना निर्माण गर्दा गाउँ पालिकाले तोकेको मापदण्ड अनुसार अनुमति लिएर निर्माण गर्नु पर्नेछ ।

## १५. नागी थामडाँडाको रेखदेख सम्बन्धी व्यवस्था :

१५.१ नागी थामडाँडासंरक्षण क्षेत्रको रेखदेख गर्ने कर्तव्य समितिको हुनेछ र नागी थामडाँडामा विभिन्न पूजाआजा चलाउने कर्तव्य मूल लामा गुरुको हुनेछ ।

१५.२ नागी थामडाँडाका मूल लामा गुरुको मातहतमा रहेका सबै सबै जिम्मेवारी कार्यहरु समिति अन्तर्गत रहनेछ र त्यसको सञ्चालन, असूल, सम्पतीको रेखदेख नियन्त्रण तथा व्यक्ति विशेषबाट गुम्बा, चैत्य, मानीमा गरिने पूजाआजा र सो वापत प्राप्त हुने भेटी, दस्तुर तथा नागी थाम डाँडासंरक्षण क्षेत्रभित्र गरिने विभिन्न कामको लागि हुने खर्च तथाआम्दानी सम्बन्धी व्यवस्था समितिले तोके बमोजिम हुनेछ ।

## १६. समितिको खाता :

१६.१ समितिले कोषका निमित्त नेपालभित्र वा बाहिर कुनै पनि क्षेत्र संस्था वा व्यक्तिबाट प्रचलित कानुन अनुसार नगदी तथा जिन्सी सहयोग उपलब्ध गर्ने वा गराउन सक्नेछ ।

१६.२ समितिमा देहायका रकमहरु रहने छन् :-

१६.३.१ केन्द्रिय, प्रदेश तथा स्थानीय सरकारले थाम डाँडासंरक्षण क्षेत्रको विकासका निमित्त प्रचलित नियमानुसार प्रदान गरेको रकम ।

१६.३.२ राष्ट्रिय तथा अन्तराष्ट्रिय संस्था वा व्यक्तिहरुले समितिको नाममा प्रदान गरेको सहयोग रकम ।

१६.३.३ नागी थामडाँडासंरक्षण क्षेत्रसँग सम्बन्धित सबै प्रकारका जग्गाको आयस्ताबाट प्राप्त हुने रकम ।

१८.३.४ नागी थामडाँडासंरक्षण क्षेत्रभित्रका विभिन्न गुम्बाबाट प्राप्त हुने दक्षिणा र भेटीको रकम ।

१६.३.५ समितिको अन्य आयस्ता र लगानी लगानी गरी आर्जन गरेको रकम ।

१६.३.६ समितिले उपलब्ध गराएको सेवा वापत प्राप्त हुन आएको शुल्क वा रकम ।

१६.३.७ समिति सञ्चालनको सुविधाको निमित्त समितिले गाउँपालिका भित्र वा बाहिरका कुनैपनि बैंकहरुमा खाता खोली रकम जम्मा गरी खाता सञ्चालन गर्न सक्नेछ ।

१७. **सम्झौता गर्दा गाउँपालिकाको स्वीकृति लिनु पर्ने** : समितिले आफ्नो कार्य सञ्चालनको सिलसिलामा कुनै स्वदेशी वा विदेशी संस्था वा दातृ निकायसँग सम्झौता गर्दा गाउँपालिकाको स्वीकृति लिनु पर्नेछ ।

१८. **लेखा र लेखापरीक्षण :**

१८.१ समितिले निर्धारण गरे बमोजिम समितिको आय-व्ययको लेखा राखिनेछ ।

१८.२ समितिको लेखापरीक्षण सम्बन्धीत गाउँपालिकाको सूचिकृत दर्तावाल लेखापरिक्षकबाट हुनेछ ।

१८.३ गाउँपालिकाले समितिको हिसाब किताब सम्बन्धी कागजात र अन्य नगदी जिन्सी समेत जुनसुकै बखत जाँच्न सक्ने छ । साथै समितिले आफ्नो बार्षिक आय व्ययको प्रगती प्रतिवेदन गाउँपालिका समक्ष पेश गर्नु पर्नेछ ।

## १९. अधिकार प्रत्यायोजन :

समितिको पदाधिकारीले नियमानुसार अन्य सदस्यहरुलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

## २०. गाउँपालिकाको सहमति लिनुपर्ने :

कुनै गैर सरकारी सस्था वा दातृ निकायले प्रचलित कानुन बमोजिम आफूलाई प्राप्त अधिकार नागी थामडाँडा संरक्षण क्षेत्रभित्र प्रयोग गर्नुअघि गाउँ पालिकाको पुर्व सहमति लिनु पर्नेछ । त्यसरी गाउँपालिका को पूर्व सहमति नलिई नागी थाम डाँडा संरक्षण क्षेत्रभित्र कुनै काम कारबाही गरेमा त्यस्तो काम कारवाही त्यस्तो काम कारवाही बदर गर्नेछ ।

## २१. विनियम बनाउने अधिकार :

२१.१ यस नियमावलीको उद्देश्य पूर्तिका लागि समितिले गाउँपालिकाबाट पुर्व स्विकृति लिई देहायका विषयमा विनियमहरु बनाउन सक्नेछ र यसरी बनाएको विनियम गाउँपालिकामा जानकारीका लागि पठाउनु पर्नेछ ।

क) समितिले गर्नु पर्ने प्रशासनिक कामको सम्बन्धमा ।

ख) समितिले गर्नुपर्ने आर्थिक कामको सम्बन्धमा ।

ग) समितिका कर्मचारीको पारिश्रमिक, सुविधा र सेवाको शर्त सम्बन्धमा ।

घ) नागी थामडाँडाको परम्परागत धार्मिक रीतिस्थिति बमोजिम पूजाआजा सञ्चालन गर्ने सम्बन्धमा ।

ङ) नागी थामडाँडासंरक्षण क्षेत्रभित्रको विकास निर्माण कार्यको सम्बन्धमा ।

च) नागी थामडाँडासंरक्षण क्षेत्रभित्रका स्रोत साधनको आयस्ताको सम्बन्धमा ।

छ) अन्य तोकिएको आवश्यक विषयमा ।

**२२. आचार संहिता बनाई लागू गर्ने :**

२२.१ समितिले नागी थामडाँडाको पूजाआजामा संलग्न हुने लामा गुरु लगायत सबै कामदारहरुको आचारसंहिता तयार गर्नुपर्नेछ र त्यस्तो आचारसंहिता गाउँपालिकको स्वीकृति भए पछि लागू हुनेछ ।

**२३. गाउँपालिकासँग सम्पर्क :** समितिले गाउँपालिका सँग सर्म्पक राख्दा गाउँपालिकाको पर्यटन तथा साँस्कृतिक विभाग मार्फत राख्नेछ ।

**२४. सेवा सुविधा :**

२४.१ गाउँपालिकालाई कुनै प्रकारको व्ययभार नपर्ने गरी समितिले आफै आर्जन गरेको, जुटाएको वा निर्माण

गरेको आर्थिक स्रोतबाट समितिको विनियममा उल्लेख भए अनुसार पदाधिकारी तथा कर्मचारीको सेवा सुविधा र कार्यालय संचालन सम्बन्धी खर्च व्यवस्थापन गर्न सक्नेछ ।

**२५. समितिका पदाधिकारीहरुको काम कर्तव्य, अधिकार र खाता संचालन सम्बन्धी व्यवस्था :**

२५.१ यस समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार यस नियमावलीको अधिनमा रही समिति बनाउने विनयममा तोके बमोजिम हुनेछ ।

२५.२ समितिको कोषको खाता संचालन सम्बन्धी व्यवस्था समितिको विनियममा व्यवस्था भए बमोजिम हुनेछ ।

**२६. बचाउ तथा बाधा अड्काउ फुकाउने अधिकार :**

२६.१ यस नियमावलीमा जुन सुकै कुरा लेखिएको भएता पनी नेपालको संविधान, संघ, प्रादेशिक तथा स्थानीय कानुनसँग बाझिएको हदसम्म स्वत निष्कृय हुनेछ ।

२६.२ यो नियमावली कार्यन्वयन गर्न कुनै बाधा अड्काउ परेमा सो बाधा अड्काउ फुकाउन गाउँकार्यपालिकाले आवश्यक सम्झेको आदेश जारी गर्न सक्नेछ ।

आज्ञाले,
प्रमुख प्रशासकीय अधिकृत